बेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या: २०८१।८२ च.नं. राजश्व शाखा/............... मिति: २०८२।०३।२३

## आगामी आ.व २०८२।०८३ मा नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामाग्रीहरू (ढुंगा, गिटी, वालुवा) विक्री गर्दा स्टक प्रमाणित गराएर मात्र विक्री गर्ने सम्बन्धी

# सूचना ! सूचना !! सूचना !!!

## जो जससँग सम्बन्धित छ

प्रस्तुत विषयमा यस कार्यालयबाट आर्थिक वर्ष २०८१।०८२ मा नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामाग्रीहरू (वालुवा, वालुवा मिसिएको ग्राभेल) संकलन गरी विक्रीको लागि विभिन्न ब्यक्ति तथा संस्थालाई अनुमति प्रदान गरिएकोमा संकलित निर्माण सामाग्रीहरू (वालुवा तथा वालुवा मिसिएको ग्राभेल र निजी जग्गाबाट अनुमति प्राप्त भएका ढुंगा) यही २०८२ असार मसान्तसम्म विक्री नभएर बाँकी रहेको परिमाण प्राविधिक कर्मचारीहरूबाट नापजाँच गराई विवरण यकिन गरी यस कार्यालयमा पेश गर्नुहुन जानकारी गराइन्छ । यस कार्यालयबाट स्टक प्रमाणित जनाई विक्रीको लागि अनुमति लिएर मात्र आगामी आ.व. २०८२।०८३ मा स्टक सामान विक्री वितरण गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । स्टक प्रमाणित नभएमा साथै यस कार्यालयबाट गरिने अनुगमन तथा नेपाल प्रहरी वा अन्य निकायको अनुगमनको क्रममा स्टक प्रमाणित नजनाई विक्री वितरण गरेको पाइएमा नियमानुसार जरिवाना तथा जफत गरिने ब्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

..............................

चेतनाथ अर्याल

प्रमुख प्रशासकीय अधिकृत

चेतनाथ अर्याल

प्रमुख प्रशासकीय अधिकृत